# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय,

धनगढी, कैलाली, सुदुरपश्चिम प्रदेश

प.स. रा. ०८१।०८२
च.नं.

**सार्वजनिक सवारी साधनको पार्किङ्ग शुल्क संकलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना।**

**प्रथम पटक प्रकाशित मिति: २०८२/१०/१६**

यस धनगढी उप-महानगरपालिकाको वडा न. १९ मा रहेको बसपार्कमा आउने जाने सार्वजनिक यातायातका यात्रु बाहक सवारी साधनहरूको पार्किङ्क शुल्क एंबम बसपार्क टर्मिनल भवनको भुई तल्ला समेत एक वर्षका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ६० बमोजिम ठेक्कामा लगाउनु पर्ने भएकोले उक्त कार्य ठेक्कामा लिन चाहने ईच्छुक फर्म वा कम्पनीहरूको जानकारीको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ।

**<u>तपसिलका शर्तहरू</u>**

१. न्यूनतम ठेक्का अंक रू १,२३,०००।- (अक्षरुपी एक लाख त्याइस हजार मात्र) बहाल कर सहित कायम गरिएको छ।
२. ठेक्काको आवधि ठेक्का स्वीकृत भै सम्झौता भएको मितिले एक वर्षको हुनेछ।
३. दरभाउपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरुले दरभाउपत्र खरिद वापतको रकम रा.बा.बैंकमा यस कार्यालयको नाममा रहेको अन्तरिक राजश्व खाता न. ४१७०१००३०१०१०००२ मा नगद रू. १००० (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी पेश गर्नु पर्नेछ।
४. दरभाउपत्र मिति १६ औ दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ। दरभाउपत्र १६ औ दिनको २:०० बजे खोलिने हुँदा सो समयमा दरभाउपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।
५. दरभाउपत्र खरिद गर्ने , पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुनेछ।
६. दरभाउपत्र दर्ता गर्दा दरभाउपत्र वालाले आफुले कबोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता (हि.न. ४१७०१००३०३००००२) मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ वा सो रकम बराबर को १२० दिन म्याद भएको "क" वर्ग को बाणिज्य बैंकहरुको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्ने छ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय,

धनगढी, कैलाली, सुदुरपश्चिम प्रदेश

प.स. रा. ०८१।०८२

च.नं.

७. दरभाउपत्रताले कबोल गरेको ठेक्का अंक बराबरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अबधिसम्मको लागि जारी गरिएको परफरमेन्स बण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ।

८. ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाँकी दुई किस्ताको रकम दुई किस्तामा दोश्रो किस्ता मङ्सिर मसान्त र तेश्रो किस्ता चैत्र मसान्त भित्र बुझाउन पर्नेछ।

९. दरभाउपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ। फरक परेमा अक्षरलाई मान्यता दिईनेछ र म्याद नाघी आएको बोलपत्र माथी कुनै कारवाही हुने छैन।

१०. बसपार्क टर्मिनल भवनको भुई तल्ला र टिकट घरमा प्रयोग गरिने बिद्युत महसुलको हकमा ठेक्का भोग चलन गरेको मिति देखि ठेक्का अवधि सम्म स्वयं ठेकेदारले सम्बन्धित कार्यालयमा महसुल बुझाई सो को जानकारी नगरपालिका कार्यालयमा दिनु पर्नेछ।

११. बसपार्क क्षेत्र भित्र रहेको शौचालय, खानेपानी तथा सरसफाईको व्यवस्थापन ठेकेदार स्वयंले नै गर्नुपर्नेछ र फोहोर संकलनका लागि कन्टेनरको व्यवस्था नगरपालिकाले गर्नेछ।

१२. संकलन गर्ने सेवा शुल्कको दर रेट यस कार्यालयको आर्थिक ऐन अनुसार हुनेछ। दरभाउपत्रताले खामको बाहिरपट्टि ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ।

१३. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यो सूचना धनगढी उप–महानगरफालिकाको वेव साईट www.dhangadhimun.gov.np बाट पनि हेर्न सकिनेछ र थप जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिने छ। यस सूचनामा उल्लेखित नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ।

१४. यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनबाट सरकारलाई बुझाउनु पर्ने बेरुजु कायम भएका फर्म/कम्पनीहरुले यस बोलपत्रको प्रक्रियामा भाग लिन पाउने छैनन्।

नरेन्द्र बहादुर खाती

प्रमुख प्रशासकीय अधिकृत

## धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश ।

दरभाउपत्र दस्तुर रू. १०००।

| सि. न | ठेक्का कार्यको विवरण | न्यूनतम बढाबढ हुने बार्षिक ठेक्का रकम बहाल कर सहित | कवोल गरेको बार्षिक ठेक्का रकम बहाल कर सहित | | धरौटी रकम |
|---|---|---|---|---|---|
| | | | अंकमा रू. | अक्षरमा रू. | |
| १ | यस धनगढी उप-महानगरपालिकाको वडा न. १९ मा रहेको बसपार्कबाट पार्किङ्ग शुल्क संकलन गर्न ठेक्कामा लिने कार्यका लागि कवोल गरेको ठेक्का रकम । | १,२३,०००। | | | |

ठेकेदारको तर्फबाट:

नाम:

फर्म वा कम्पनीको नाम:

ठेगाना:

दस्तखत:

फोन नं.: